फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः ८ संख्याः १ मितिः २०८२/१२/२७

**भाग-२**

**फलेवास नगर कार्यपालिका**


## फलेवास नगरपालिका प्राविधिक तथा पूर्वाधार शाखामा कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता र अन्य सुविधा तथा हलुका सवारी चालकहरुलाई थप सुविधा सम्बन्धी कार्यविधि, २०८२


कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१२/२७

प्रमाणिकरण मितिः २०८२/१२/२७


**प्रस्तावनाः**

प्राविधिक तथा पूर्वाधार शाखामा कार्यरत प्राविधिकहरु जुनसुकै बेला र जोखिमपूर्ण परिस्थितिमा पनि फिल्ड कार्य गर्नुपर्ने तथा  हलुका सवारी चालकहरु जुनसुकै बेला कार्यालयको कामकाजमा खटिने भएकाले, फलेवास नगरपालिकाको प्राविधिक तथा पूर्वाधार शाखाका प्राविधिकहरु तथा हलुका सवारी चालकहरुको कार्यसम्पादनलाई प्रोत्साहित गर्न, फिल्ड भत्ता तथा अन्य सुविधाहरु प्रदान गर्ने व्यवस्थालाई व्यवस्थित र पारदर्शी बनाउन वान्छनीय भएकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि फलेवास नगरपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधीको नाम "फलेवास नगरपालिका प्राविधिक तथा पूर्वाधार शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता र अन्य सुविधा तथा हलुका सवारी चालकहरुलाई थप सुविधा सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति देखी लागू हुनेछ ।

## २. परिभाषाः

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले फलेवास नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय र यस अन्तर्गतको वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले फलेवास नगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "कार्यविधि" भन्नाले फलेवास नगरपालिका प्राविधिक तथा पूर्वाधार शाखामा कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता र अन्य सुविधा सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

(ङ) "प्राविधिक कर्मचारी" भन्नाले प्राविधिक तथा पूर्वाधार शाखामा कार्यरत कार्यरत ईन्जिनियर, सव-ईन्जिनियर, असिष्टेन्ट सव-ईन्जिनियर, खा.पा.स.टे. सम्झनु पर्दछ ।

(च) "अन्य सुविधा" भन्नाले संचार महसुल, इन्धन, सवारी साधन र दैनिक भ्रमण भत्ता लाई बुझ्नु पर्दछ ।

(छ) 'तलव स्केल' भन्नाले नेपाल सरकारले तोकेको पदानुसारको मूल तलव सम्झनु पर्छ ।

(ज) "फिल्ड" भन्नाले यस नगरपालिका भित्र कार्यालयबाट मात्र संचालित योजना / आयोजना हरुको क्षेत्र लाई सम्झनुपर्दछ ।

(झ) हलुका सवारी चालक" भन्नाले फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालयको सामान्यतया कार, जिप, भ्यान, पिकअप आदि हलुका सवारी साधन चलाउने चालकलाई जनाइन्छ।

## ३. उद्देश्यः

यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

(क) प्राविधिक कर्मचारीहरुको फिल्ड कार्यलाई प्रोत्साहित गर्ने ।

(ख) जोखिमपूर्ण कार्य वातावरणमा काम गर्ने प्राविधिकहरुलाई उचित सुविधा उपलब्ध गराउने ।

(ग) सुविधा प्रदान गर्ने प्रक्रियालाई पारदर्शी र जवाफदेही बनाउने ।

(घ) नगरपालिकाको पूर्वाधार विकास कार्यलाई गुणस्तरीय र प्रभावकारी बनाउने ।

(ङ) हलुका सवारी चालकहरुको कार्यसम्पादनलाई प्रोत्साहित गर्न

## ४. फिल्ड भत्ता र प्राप्त गर्ने आधारः-

(१) यस कार्यविधि बमोजिमको प्राविधिक कर्मचारीहरुलाई फिल्ड गई योजनाको काम गरेवापत मासिक रुपमा खाईपाई आएको तलव स्केलको २५ प्रतिशतका दरले फिल्ड भत्ता उपलब्ध गराइनेछ।

(२) भत्ता प्राप्त गर्न इन्जिनियरले मासिक कम्तिमा १० दिन फिल्डमा गई काम गरेको हुनुपर्नेछ र सब-इन्जिनियर र अ.सब-इन्जिनियरले मासिक कम्तिमा १५ दिन फिल्डमा गई काम गरेको हुनुपर्नेछ साथै आवश्यक पर्दा कार्यालयले जुनसुकै बखत लगाएको काम निजले गरेको हुनु पर्दछ। तर सो अवधिमा बिदा वा अन्यत्र भ्रमणमा खटिएको अवधिको भने दामासाहीले हिसाब गरि कट्टा गरिनेछ।

(३) प्रत्येक महिनाको अन्त्यमा प्राविधिकहरुले आफ्नो मासिक फिल्ड कार्य विवरण (हाजिरी सहित) र प्रगति विवरण शाखा प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(४) भत्ता प्रदान गर्ने प्रयोजनका लागी प्राविधिक कर्मचारीहरुले मासिक रुपमा काम गरेको विवरण शाखा प्रमुखले सन्तोषजनक देखेमा प्रमुख प्रशासकीय अधिकृतलाई सिफारिस गर्नुपर्दछ ।

## ५. अन्य सुविधा र प्राप्त गर्ने आधारः-

**(१) संचार महसुलः** (क) यस कार्यविधि बमोजिमको योजनाका सरोकारवाला पक्षसँग नियमित संम्पर्क गर्न इन्जिनियरलाई मासिक रु. पाँच सय रुपैया संचार महसुल प्रदान गरिनेछ ।

**(२) इन्धनः**

(क) यस कार्यविधि बमोजिमको योजनाका कामले सवारी साधन प्रयोग गरेको भएमा फिल्डमा जान आउनका लागी इन्धन(पेट्रोल) प्रदान गरिनेछ ।

(ख) प्राप्त गर्न सम्बन्धित कर्मचारीले मासिक कम्तिमा १० दिन कार्यालय वा फिल्डमा हाजिर भई काम गरेको हुनुपर्नेछ।

(ग) उपदफा २(ख) बमोजिम काम गर्दा एकमुष्ट मासिक १० लिटर इन्धन प्राप्त गर्नेछन।

(घ) उपदफा २(ग) बमोजिम अपुग भएमा कर्मचारीले अपुग भएको कारण खुलाई शाखा प्रमुखको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतलाई निवेदन दिएमा अपुग इन्धन उपलब्ध हुनेछ ।

**(३) सवारी साधनः**

(क) यस कार्यविधि बमोजिमको योजनाका कामले फिल्डमा जान आउनका लागी सवारी साधन (मोटरसाइकल) उपलब्ध गराइनेछ ।

(ख) सवारी साधनको सामान्य मर्मत संभार गर्न स्वीकृत मर्मत आदेश बमोजिम उपलब्ध गराईनेछ।

## ६. हलुका सवारी चालकहरुलाई दिइने थप सुविधाः

यस नगरपालिकामा कार्यरत हलुका सवारी चालकहरुलाई कार्यालय समय बाहेक बिहान, बेलुका तथा सार्वजनिक बिदाको दिनमा समेत सवारी चालकको रुपमा कार्यालयको कामकाजमा खटाए वापत प्रति

महिना सुरु तलब स्केलको २५% का दरले हुने रकम थप सुविधाको रकम उपलब्ध गराईनेछ।तर सो अवधिमा बिदा वा अन्यत्र भ्रमणमा खटिएको अवधिको भने दामासाहीले हिसाब गरि कट्टा गरिनेछ।

**७. कार्यविधिको व्याख्याः** यो कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

**८. थपघट तथा हेरफेरः** आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी कार्यपालिकाले प्रचलित कानूनसँग नबाझिने गरी कार्यविधिमा समय अनुसार आवश्यक परिमार्जन गर्नेछ

आज्ञाले,<br>
जीवन ज्ञवाली<br>
प्रमुख प्रशासकीय अधिकृत